कपुरकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कपुरकोट, सल्यान
कर्णाली प्रदेश, नेपाल

☎ ०८८-४१००६९

मिति : २०७९/०४/१८

## प्रेश विज्ञप्ती

प्रस्तुत सम्वन्धमा सल्यान जिल्लाको कपुरकोट वजार देखी रोल्पाको निगालपानी सम्मको सडक खण्डमा चल्ने सिमेन्ट उद्योगसंग सम्वद्ध टिप्परहरुको विषयलाई लिएर **"कपुरकोट गाउँपालिकाका उपाध्यक्षको दादागिरी, चुनाव खर्च उठाउन सिमेन्ट उद्योगका गाडी संचालनमा रोक"** लगाएको भन्ने **नेपाली समाज नामक अनलाईन पत्रिकाले** मिति २०७९ श्रावण १७ गते प्रकासित गरेको तथ्य र आधार विनाको समाचार प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यस रुटमा टिप्पर चल्दै गर्दा यसवाट पारेको असरलाई ध्यानमा राखी जव सम्म उद्योगहरुवाट सडक मर्मत र धुलो नियन्त्रणमा प्रभावकारी काम हुँदैन त्यति वेला सम्मका लागि उक्त सडक खण्डमा टिप्पर संचालन कार्य बन्द गराउन भनि गाउँ कार्यपालिकाको ७१ औं बैठक वाट निर्णय भई कार्यान्यवनमा जाँदै गर्दा सम्वद्ध पक्षहरुसंग मिति २०७९।३।२१ गते सडक सुधारका लागि ७ बुदे सहमती भई गाउँ कार्यपालिका बैठक र ११ औं गाउँसभाबाट समेत अनुमोदन भई सकेको सन्दर्भमा उपाध्यक्षले दादागिरी शैलीमा एकल रुपले बन्द गर्न लगाए भन्ने समाचार आफैमा आपत्ति जनक देखिएको छ ।

सडक मर्मत संभारका लागि सम्वद्ध पक्षहरु विच मिति २०७९ आषाढ २१ गते गाउँपालिकासंग भएको ७ बुँदे सहमति अनुसार सडक मर्मत कार्य हुँदै आएकोमा मिति २०७९ श्रावण १८ गते गाउँपालिकासंग समस्या समाधानका लागि छलफल गर्ने भनि मिति तय भई सकेको अवस्थामा प्रकाशित भएको यस्तो भ्रमपूर्ण समाचार प्रति हामी खेद प्रकट गर्दछौं । यो समाचारको पुष्टि गर्न सम्वन्धीत पक्षलाई चुनौती दिदैं प्रचलीत कानून वमोजीम कारवाहीका लागि आवश्यक प्रकृयामा जाने जानकारी गराउँदै घटनाको सत्य तथ्य छानविन गरि वास्तविक दोषी माथी कडा भन्दा कडा कारवाही गर्न माग गर्दछौं ।

..............................
दुर्गा बहादुर पुन
गाउँपालिका उपाध्यक्ष

Email: kapurkotruralmun073@gmail.com
Facebook page: www.facebook.com/kapurkotgaupalika